केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१८/०७३/७४ मिति: २०७३/१२/१८

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

युवाहरुलाई व्यवसायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१ खारेज हुने गरी व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३ नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत भएकोले यस बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७३ को इ.प्रा. निर्देशन नं. २/०७३ को कायविधि २.२ मा रहेको **युवाहरुलाई व्यवसायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१** खारेज गरी यसै साथ संलग्न **व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३** लागु गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली, काठमाण्डौ ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ ।
(१४) श्री कर्जा सुचना केन्द्र, हेरिटेजप्लाजा, काठमाण्डौ ।

# व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने व्याज अनुदानसम्बन्धी कार्यविधि, २०७३

प्रस्तावना

नेपाल सरकारको आर्थिक वर्ष २०७१/७२ को बजेट वक्तव्यको बुँदा नं. ७६ र आर्थिक वर्ष २०७३/७४ को बजेट वक्तव्यको बुँदा नं. १०९ मा उल्लेख भएबमोजिम बढ्दो बेरोजगारी र मुलुकबाट युवाहरू पलायन हुने समस्यालाई सम्बोधन गर्न तथा युवाहरूलाई कृषिमा आकर्षित गर्न ग्रामीण क्षेत्रमा गरिने व्यावसायिक तरकारी, पशुपन्छीपालन, जडिवुटी, तरकारी तथा फलफूल खेती, दुग्ध व्यवसाय, मत्स्यपालन, च्याउ खेती, जडिबुटी, कृषि भण्डारण, पशु वधशाला एवं मासुजन्य व्यवसायका लागि वित्तीय स्रोतको परिचालन गर्दै निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण गरी राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याउन नेपाल सरकार (मन्त्रिपरिषद) ले देहायबमोजिमको कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने व्याज अनुदानसम्बन्धी कार्यविधि, २०७३" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनका लागि-

(क) **"बैंक तथा वित्तीय संस्था"** भन्नाले यस कार्यविधिअनुसार कृषि तथा पशुपन्छी कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्था सम्झनुपर्दछ ।

(ख) **"कृषि तथा पशुपन्छी व्यवसायी"** भन्नाले यस कार्यविधिबमोजिम कर्जा लिएका यस कार्यविधिको अनसूची-१ मा उल्लेखित कृषि तथा पशुपन्छी व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई सम्झनुपर्छ ।

(ग) **"ग्रामीण क्षेत्र"** भन्नाले गाँउपालिका र नगरपालिकालाई सम्झनुपर्छ । साथै, सो शव्दले केन्द्रीय समन्वय समितिले दफा १० बमोजिम तोकेका महानगरपालिका र उप-महानगरपालिकाका ग्रामीण क्षेत्रलाई समेत सम्झनुपर्छ ।

(घ) **"कृषि तथा पशुपन्छी व्यवसाय"** भन्नाले यस कार्यविधिको अनुसूची-१ मा उल्लेख गरिएका क्षेत्रहरूमा श्रम तथा पूँजी लगानी गरी गरिएको व्यवसाय सम्झनुपर्दछ ।

(ङ.) **"कृषि तथा पशुपन्छी कर्जा"** भन्नाले यस कार्यविधिको अनुसूची-१ मा उल्लेख गरिएका क्षेत्रहरूमा बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गरेको कर्जा सम्झनुपर्दछ ।

(च) **"कृषि भण्डारण"** भन्नाले प्राथमिक कृषि उपज (तरकारी, फलफूल, जडिवुटी, दुग्ध पदार्थ तथा माछा) उत्पादन गरी भण्डारण गर्ने कार्य सम्झनुपर्दछ । सो शब्दले स्वदेशमा उत्पादन भएका प्राथमिक कृषि उपज (तरकारी, फलफूल, जडिवुटी, दुग्ध पदार्थ तथा माछामासु) खरीद गरी भण्डारण गर्ने कार्यलाई समेत जनाउँदछ ।

३. **कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदानसम्बन्धी व्यवस्था :** (१) कृषि तथा पशुपन्छी व्यवसायीहरूलाई यस कार्यविधिको अनुसूची-१ मा तोकिएका क्षेत्रहरूमा आकर्षित गर्न बैंक तथा वित्तीय संस्थाबाट कृषि तथा पशुपन्छी व्यवसायका लागि प्रवाहित कर्जामा नेपाल सरकारले ५ प्रतिशत ब्याज अनुदान उपलव्ध गराउनेछ ।

(२) यस्तो व्याज अनुदान यो कार्यविधि लागु भएपछि कर्जा लिने ऋणिहरूलाई मात्र उपलब्ध हुनेछ ।

(३) उपदफा (१) बमोजिमको व्यवसाय ग्रामीण क्षेत्रमा स्थापना भई सञ्चालनमा रहेको हुनु पर्नेछ । यस्तो कर्जामा बैंक तथा वित्तीय संस्थाले ऋणीबाट व्याज अनुदान वाहेक ५ प्रतिशत भन्दा बढी ब्याजदर नलिने गरी कर्जा लगानी गर्नु पर्नेछ । साथै, यस्तो कर्जामा लिइने ब्याजमा अन्य निकायलाई दिनुपर्ने बीमा शुल्क, कर्जा सूचनासम्बन्धी शुल्क जस्ता शुल्क बाहेक अन्य कुनै पनि प्रकारको सेवा शुल्क लिन पाईने छैन ।

(४) उपदफा (१) बमोजिम व्यवसायका लागि प्रवाह गर्ने कर्जाको अधिकतम सीमा सात करोड रहने छ । तर प्रति ग्राहक पाँच करोड रुपैयाँ भन्दा बढीको हकमा केन्द्रीय समन्वय तथा अनुगमन समिति समक्ष स्वीकृतिका लागि पेश गर्नुपर्नेछ । सो समितिले परियोजनाको आवश्यकता तथा औचित्यताको आधारमा उक्त सीमाभन्दा बढी कर्जा प्रवाह गर्न स्वीकृति दिन सक्नेछ । यस्तो कर्जाको साँवा तथा ब्याज भुक्तानी अवधि तीन महिना भन्दा कम हुने छैन ।

(५) यस कार्यविधिबमोजिम प्रत्येक बैंक तथा वित्तीय संस्थालाई ब्याज अनुदान प्राप्त हुने गरी प्रवाह गर्ने कर्जाको सुरु सीमा तीन अर्ब रुपैया हुनेछ । सो सीमा भन्दा बढी कर्जा लगानी गर्नुपरेमा सम्वन्धित बैंक तथा वित्तीय संस्थाले थप सीमाका लागि नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग समक्ष अग्रीम स्वीकृतिका लागि पेश गर्नुपर्नेछ । विभागले आवश्यकता तथा औचित्यता हेरी स्वीकृति दिनेछ ।

(६) यस कार्यविधिबमोजिम ब्याज अनुदान दिइने कर्जाको भुक्तानी अवधि बढीमा ५ वर्षको हुनेछ । तर विशेष प्रकृतिको परियोजनाको हकमा समन्वय तथा अनुगमन समितिले आवश्यकता तथा औचित्यता हेरी कर्जाको भुक्तानी अवधि बढीमा २ वर्ष थप गर्न सक्ने छ । ऋणीले अनुदान पाउने ब्याज रकम बाहेक अरू लागेको सम्पूर्ण ब्याज रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई भुक्तानी गरेपछि मात्र ब्याज अनुदानका लागि योग्य मानिनेछ ।

(७) यस कार्यविधिमा उल्लेखित ब्याजदर अनुदानको प्रतिशत तथा अन्य व्यवस्थाहरूमा केन्द्रीय समन्वय तथा अनुगमन समितिको सिफारिशमा नेपाल सरकारले आवश्यकतानुसार पुनरावलोकन गर्न सक्नेछ ।

(८) बैंक तथा वित्तीय संस्थाहरूले कृषि तथा पशुपन्छी कर्जा प्रवाह गर्दा कृषि तथा पशुपन्छी उत्पादनमा प्रयोग गरिने जमीन धितो लिई वा कृषि बालीको धितोमा कर्जा प्रवाह गर्न वा रू. १० लाखसम्म सामूहिक जमानीका आधारमा कर्जा प्रवाह गर्न सक्नेछन् । कृषि बाली धितो लिई कर्जा प्रवाह गर्दा कृषि बालीको बीमा गर्नुपर्नेछ र बीमा रकमले खाम्ने सीमासम्म मात्र कर्जा प्रवाह गर्न सकिनेछ । यस कार्यविधिबमोजिमको कुनै पनि कर्जा प्रवाह गर्दा परियोजनाको सम्भाव्यतालाई मुख्य आधारको रूपमा लिनु पर्नेछ ।

४. **कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान रकमको भुक्तानी प्रक्रिया** : (१) ब्याज अनुदान स्वरूप प्रदान गरिने रकम उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राष्ट्र बैंकको सम्बन्धित विभागबाट सञ्चालन हुने गरी बैंकिङ्ग कार्यालयमा "कृषि कर्जा ब्याज अनुदान शोधभर्ना" नामको एउटा खाता खोल्नेछ ।

(२) उपदफा (१) बमोजिमको खातामा नेपाल सरकार, अर्थ मन्त्रालयले रू ५० करोड अग्रिम रूपमा जम्मा गर्नेछ । उक्त रकमले नपुग भएमा वा ब्याज अनुदान निरन्तर रूपमा प्रदान गर्नुपरेमा केन्द्रीय समन्वय तथा अनुगमन समितिको सिफारिशमा नेपाल सरकार, अर्थ मन्त्रालयले आवश्यक रकम थप गर्नेछ ।

(३) बैंक तथा वित्तीय संस्थाहरूले यस कार्यविधिबमोजिम प्रवाहित कर्जाको सदुपयोगिता यकिन गरी ऋणीले त्रैमासिक अवधिमा भुक्तानी गर्नुपर्ने कर्जा रकम भुक्तानी गरेको प्रमाणसहित यस कार्यविधिको अनुसूची-३ मा उल्लिखित ढाचाँमा नेपाल राष्ट्र बैंकमा ब्याज अनुदानका लागि निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनका आधारमा नेपाल राष्ट्र बैंकले सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूलाई ब्याजमा दिनु पर्ने अनुदान रकमको शोधभर्ना कृषि कर्जा ब्याज अनुदान सोधभर्ना खाताबाट नेपाल राष्ट्र बैंकको कार्यालयहरूमा

रहेका खाता मार्फत वा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको मागअनुरूप कुनै अर्को वित्तीय संस्थामा रहेको खाता मार्फत शोधभर्ना दिइनेछ ।

(५) उपदफा (४) बमोजिम सोधभर्ना दिएको रकम उपदफा (२) बमोजिमको रकमले नखामेमा नेपाल राष्ट्र बैंकले चौमासिक रूपमा नेपाल सरकारबाट प्राप्त गर्नेछ ।

५. **कर्जा वर्गीकरण तथा जोखिमसम्बन्धी व्यवस्था :** (१) यस कार्यविधिबमोजिम अनुदान प्राप्त गर्ने कर्जाहरूको वर्गीकरण नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई जारी गरेको एकीकृत निर्देशनबमोजिम हुनेछ । प्रचलित कानून, नेपाल राष्ट्र बैंकको नियमन र निर्देशनको परिधिभित्र रही यस्तो कर्जाको लगानी, अनुगमन, सुरक्षण, बीमा तथा असुली सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले स्पष्ट नीति र प्रक्रिया बनाई लागु गर्नुपर्नेछ ।

(२) ऋणीले साँवा ब्याज नियमित गरेको अवस्थामा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नेपाल सरकारबाट पाउनु पर्ने ब्याज रकम समेत सोही अवधिको ब्याज अनुदान आम्दानीमा गणना गर्न सकिनेछ । नेपाल सरकारबाट पाउनुपर्ने ब्याज अनुदान वापतको यस्तो रकमलाई पुँजीकोष अनुपात गणना प्रयोजनका लागि सरकार माथिको दावी सरह शून्य प्रतिशत जोखिम भार प्रदान गर्न सक्नेछन् ।

६. **कृषि तथा पशुपन्छी व्यवसाय गरी यस कार्यविधि बमोजिम ब्याज अनुदान रकम माग गर्ने ऋणीले गर्नुपर्ने कार्य :** कृषि तथा पशुपन्छी कर्जामा ब्याज अनुदान रकम माग गर्ने ऋणीले देहायबमोजिम कार्य गर्नुपर्नेछ-

(क) यस कार्यविधिमा तोकिएको प्रक्रियाबमोजिम ब्याज अनुदान सहितको कृषि तथा पशुपन्छी कर्जा लिनको लागि यस कार्यविधिको अनुसूची-२ बमोजिमको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्था समक्ष निवेदन पेश गर्ने ।

(ख) आफूले लिएको कर्जाको साँवा ब्याज रकम समयमै भुक्तानी गर्ने, कर्जा सुरक्षित गर्नका लागि बैंक तथा वित्तीय संस्थाहरूले मागेका विवरण उपलब्ध गराउने र तोकेका शर्तहरूको पालना गर्ने ।

(ग) जुन उद्देश्यको लागि कर्जा लिएको हो सोही उद्देश्यका लागि मात्र कर्जा लगानी गर्नु पर्नेछ । उक्त कर्जा सदुपयोग भएको नपाईएमा ब्याज अनुदान दिईने छैन ।

७. **सम्बन्धित बैंक तथा वित्तीय संस्थाको काम, कर्तव्य र अधिकार :** कृषि तथा पशुपन्छी कर्जामा ब्याज अनुदानको शोधभर्ना लिने प्रयोजनको लागि सम्बन्धित बैंक तथा वित्तीय संस्थाले गर्नुपर्ने काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) कृषि तथा पशुपन्छी कर्जामा ब्याज अनुदान रकम प्राप्त गर्ने गरी व्यवसायीले कर्जाको लागि निवेदन दिएमा परियोजनाको सम्भाव्यता तथा कर्जाको सदुपयोग हुने आधारमा कर्जा प्रवाह गर्ने । कर्जा प्रवाह गर्न नसकिने भएमा कर्जा लगानी गर्न नसकिने स्पष्ट कारणसहित सम्बन्धित व्यवसायीलाई जानकारी दिने ।

(ख) कृषि तथा पशुपन्छी कर्जामा ब्याज अनुदान रकम प्राप्त गर्नका लागि यस कार्यविधिको अनुसूची-३ मा उल्लेखित निवेदनको ढाँचामा ऋणीले अनुदान पाउने ब्याज रकम बाहेक अरू ब्याज रकम असुल गरेको प्रमाणसहित नेपाल राष्ट्र बैंकसँग शोधभर्ना माग गर्ने ।

(ग) खण्ड (क) बमोजिम ब्याज अनुदान प्राप्त हुने गरी प्रदान गरिएको कर्जासम्बन्धी त्रैमासिक विवरण अनुसूची -४, अनुसूची -५ र अनुसूची-६ बमोजिमको ढाँचामा १५ दिनभित्र नेपाल राष्ट्र बैंकलाई उपलब्ध गराउने ।

(घ) अनिवार्य रूपमा सदुपयोगिता निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गरी राख्ने ।

(ङ) यस अन्तर्गत लगानी गरेको कर्जाको ब्याजदर लगानी अवधिभर वृद्धि गर्न पाईने छैन ।

(च) नेपाल सरकार वा नेपाल राष्ट्र बैंकबाट अनुगमन गर्दा कर्जा सदुपयोग भएको नपाईएमा ब्याज अनुदान दिएको रकम बैंक तथा वित्तीय संस्थालाई सोधभर्ना दिइने छैन ।

८. **नेपाल राष्ट्र बैंकको काम, कर्तव्य र अधिकार** : नेपाल राष्ट्र बैंकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) बैंक तथा वित्तीय संस्थाबाट कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान रकम माग भई आएमा "कृषि कर्जा ब्याज अनुदान शोधभर्ना" खाताबाट सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई शोधभर्ना रकम उपलब्ध गराउने ।

(ख) खण्ड (क) बमोजिम बैंक तथा वित्तीय संस्थालाई शोधभर्ना उपलब्ध गराइएको रकमको त्रैमासिक विवरण अर्थ मन्त्रालयलाई उपलब्ध गराउने ।

(ग) यो कार्यविधिको प्रभावकारी रूपले कार्यान्वयन गर्नका लागि आवश्यक नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने ।

(घ) कर्जा निरीक्षण गर्दा उद्देश्यअनुरूप भएको नपाईएमा प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनबमोजिम सम्बन्धित पक्षलाई कारबाही गर्ने ।

९. **केन्द्रीय समन्वय तथा अनुगमन समितिको गठन र काम कर्तव्य तथा अधिकार** : (१) कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदानसम्बन्धी कार्यको केन्द्रीयस्तरमा समन्वय तथा अनुगमन गर्न देहायबमोजिमको एउटा केन्दीय समन्वय तथा अनुगमन समिति गठन हुनेछ-

(क) डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक
(बैंक तथा वित्तीय संस्था नियमन विभाग हेर्ने) - संयोजक

(ख) कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक
(बैंक तथा वित्तीय संस्था नियमन विभाग) - सदस्य

(ग) सह-सचिव, अर्थ मन्त्रालय - सदस्य

(घ) सह-सचिव, कृषि विकास मन्त्रालय - सदस्य

(ङ) सह-सचिव, पशुपन्छी विकास मन्त्रालय - सदस्य

(च) अध्यक्ष, नेपाल बैंकर्श एशोसिएशन - सदस्य

(छ) निर्देशक, नेपाल राष्ट्र बैंक
(बैंक तथा वित्तीय संस्था नियमन विभाग) - सदस्य सचिव

(२) समितिले आवश्यक परेमा बढीमा दुईजना विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ। समितिको सचिवालय नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागमा रहनेछ।

(३) सचिवालयले समितिले तोकेका कार्यहरू गर्नेछ।

१०. **केन्द्रीय समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार** : (१) कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदानसम्बन्धी व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक समन्वय तथा अनुगमन गर्ने, निरीक्षण गराउने, कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने, कार्यविधि तथा अनुसूचीको व्याख्या गर्ने तथा कार्यविधिमा भएका व्यवस्थाहरूमा हेरफेर गर्नु परेमा पुनरावलोकनका लागि नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष सिफारिश गर्ने कार्य केन्द्रीय समन्वय तथा अनुगमन समितिले गर्न सक्नेछ।

(२) समितिको बैठक कम्तीमा त्रैमासिक रूपमा बस्नेछ।

११. **जिल्लास्तरीय समन्वय तथा अनुगमन समितिको व्यवस्था :** (१) कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने व्याज अनुदानसम्वन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि निम्नानुसारको जिल्ला स्तरीय समन्वय तथा अनुगमन समिति रहनेछ-

(क) जिल्ला कृषि विकास कार्यालय प्रमुख- - संयोजक

(ख) जिल्ला पशु सेवा कार्यालय प्रमुख- - सदस्य

(ग) नेपाल राष्ट्र बैंकको सम्बन्धित जिल्लास्थित कार्यालयका अनुसन्धान इकाई प्रमुख (आफ्नो कार्यालय रहेको जिल्लामा मात्र) - सदस्य

(घ) राष्ट्रिय वाणिज्य बैंक/नेपाल बैंक लि./कृषि विकास बैंक मध्येबाट एकजना शाखा कार्यालय प्रमुख - सदस्य

(ङ) अन्य बैंक तथा वित्तीय संस्थामध्येबाट एकजना शाखा कार्यालय प्रमुख - सदस्य

(च) प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय - सदस्य

(छ) प्रतिनिधि, स्थानीय तह - सदस्य

(२) उपर्युक्त बमोजिम गठित जिल्लास्तरीय समन्वय तथा अनुगमन समितिको सचिवालय जिल्ला कृषि विकास कार्यालयमा रहनेछ र सदस्य-सचिव संयोजकले तोक्नेछ । सो सचिवालयले समितिका सबै सदस्यहरूको विवरण संकलन गरी नेपाल सरकार, कृषि विकास मन्त्रालय, पशुपंछी विकास मन्त्रालय र केन्द्रीय समन्वय तथा अनुगमन समितिको सचिवालयमा पठाउनु पर्नेछ ।

१२. **जिल्लास्तरीय समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार :** (१) जिल्लास्तरीय समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहनेछ-

(क) कृषि तथा पशुपन्छी कर्जाको प्रभावकारी वितरणका लागि आम कृषकहरू समक्ष यसको जानकारी गराउन स्थानीय रूपमा प्रचार प्रसार गर्ने ।

(ख) जिल्लामा कृषि तथा पशुपन्छी कर्जालाई सहज पार्न समुचित व्यवस्था मिलाउने ।

(ग) कृषि तथा पशुपन्छी कर्जा वितरणका क्रममा जिल्लास्थित कृषकहरूका गुनासाहरूलाई यथोचित रूपमा सम्बोधन गर्न पहल गर्ने ।

(घ) जिल्लामा प्रवाह भएको कृषि तथा पशुपन्छी कर्जाको विवरण तयार गरी केन्द्रीय समन्वय तथा अनुगमन समितिमा पेश गर्ने ।

(ङ) केन्द्रीय समन्वय तथा अनुगमन समितिको निर्णयानुसार प्राप्त निर्देशनहरू पालना गर्ने/गराउने ।

(च) समितिको बैठक कम्तिमा त्रैमासिक रूपमा बस्ने ।

(छ) केन्द्रीय समन्वय तथा अनुगमन समितिले तोकका अन्य कार्यहरू गर्ने ।

१३. **गुनासोसम्बन्धी व्यवस्था :** (१) यस कार्यविधिको कार्यान्वियनका क्रममा बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह नगरेको, कृषि तथा पशुपन्छी व्यवसायीले सेवा सुविधा नपाएको तथा ऋणको सदुपयोग नभएको लगायतका गुनासो सुन्ने तथा सोका आधारमा आवश्यक काम कारवाही अगाडि बढाउने कार्य केन्द्रीय समन्वय तथा अनुगमन समिति तथा जिल्लास्तरीय समन्वय तथा अनुगमन समितिले गर्नेछ ।

१४. **संशोधन तथा हेरफेर :** नेपाल सरकार, अर्थ मन्त्रालयले कृषि विकास मन्त्रालय र पशुपन्छी विकास मन्त्रालयको समन्वयमा यस कार्यविधिको अनुसूची-१ मा आवश्यकतानुसार संशोधन एवं हेरफेर गर्न सक्नेछ ।

१५. **खारेजी तथा बचाऊ :** (१) नेपाल सरकार, अर्थ मन्त्रालयबाट जारी गरिएको "युवाहरूलाई व्यासायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०७१" खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको कार्यविधिबमोजिम भए गरेका काम कारबाही यसै कार्यविधिबमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची - १

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

नेपाल सरकारले उपलब्ध गराउने ब्याज अनुदानका लागि योग्य कृषि व्यवसायहरू,

१. तरकारी उत्पादन, प्रशोधन तथा भण्डारण, विक्री वितरण,

२. विउ विजन उत्पादन, प्रशोधन तथा भण्डारण, विक्री वितरण,

३. पुष्प व्यवसाय,

४. पशुपंक्षीपालन,

५. अष्ट्रिच, टर्की र हाँस पालन सोको मासु तथा अण्डाको भण्डारण तथा प्रशोधन तथा विक्री वितरण,

६. फलफूल उत्पादन, उत्पादित फलफूलको प्रशोधन तथा भण्डारण, विक्री वितरण,

७. दुग्ध उत्पादन, प्रशोधन र विक्री वितरण,

८. मत्स्यपालन, उत्पादित माछाको भण्डारण तथा विक्री वितरण,

९. च्याउ उत्पादन, प्रशोधन तथा भण्डारण, विक्री वितरण,

१०. पशुवधशाला एवं मासुजन्य उत्पादन व्यवसाय सो को भण्डारण तथा प्रशोधन, विक्री वितरण,

११. जडिवुटी उत्पादन, प्रशोधन र भण्डारण तथा विक्री वितरण,

१२. उखु खेती, कफी खेती, चिया खेती, अलैची खेती, अदुवा खेती, बेसार खेती, जैतुन खेती, सूर्यमुखी खेती अल्लो उत्पादन, लोक्ता खेती र त्यसको भण्डारण तथा प्रशोधन र विक्री वितरण,

१३. मौरी पालन व्यवसाय,

१४. जौ, फापर, सिलाम, उत्पादन, प्रशोधन र विक्री वितरण,

१५. नेपाल सरकारले समय-समयमा थप गरेका अन्य कृषि व्यवसायहरू ।

अनुसूची-२

(दफा ६ को खण्ड “क” सँग सम्बन्धित)

ऋणीले ब्याज अनुदानसहितको कृषि तथा पशुपन्छी कर्जाका लागि बैंकमा दिने निवेदनको ढाँचा

मिति: २०७.. / .. / ..

श्री ................................ बैंक लि.

.............................................. ।

विषय: ब्याज अनुदानसहितको कृषि तथा पशुपन्छी कर्जा बारे ।

महाशय,

उपर्युक्त सम्बन्धमा नेपाल सरकारले आ.व. २०७१/७२ तथा सो पश्चात्का बजेट वक्तव्यहरू मार्फत् घोषणा गरी व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०७३ बमोजिम कर्जा उपभोग गर्नका लागि मलाई/मेरो (फर्म, कम्पनी, संस्था) ..........लाई ................ प्रयोजनका लागि कर्जा प्रदान गरिदिन हुन यो निवदेन पेश गरेको छु । साथै, त्यस बैंकले तोकेका कागजात तथा विवरण समेत यसै निवदेन साथ संलग्न गरी पेश गरेका छु/छौं । मैले प्रचलित कानुन, नेपाल राष्ट्र बैंकबाट जारी गरिएका नियमन, निर्देशन र परिपत्र तथा धनी बैंकबाट तोकिएका शर्तहरूको अधिनमा रही कर्जाको सही सदुपयोग गरी कर्जाको साँवा तथा ब्याज समयमै भुक्तानी गर्नेछु ।

नाम:

ठेगाना :

सम्पर्क टेलिफोन नं.

फर्म, कम्पनी, संस्था, उद्योग भए,

नाम:

छाप:

ठेगाना:

सम्पर्क टेलिफोन नं.

अनुसूची - ३

(दफा ४ को उपदफा (३) र दफा ७ को खण्ड "ख" सँग सम्बन्धित)

............................... बैंक लि.

मितिः २०७.. / .. / ..

श्री नेपाल राष्ट्र बैंक,

बैंक तथा वित्तीय संस्था नियमन विभाग,

...................... ।

विषय :- कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज चालु आ.व....... को ..... त्रैमासको अनुदान बारे ।

महाशय,

यस बैंकले व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०७३ अनुरूप प्रवाह गरेको कर्जामा यसैसाथ संलग्न विवरण (अनुसूची-४) बमोजिमका ऋणीहरूले अनुदान पाउने बाहेकको ब्याज रकम जम्मा गरेको र सो कर्जाको सदुपयोग गर्दै आएकोले उक्त कर्जाहरूमा पाउने ब्याज अनुदान वापतको रकम कुल रू .............(अक्षेरेपी रू......................) तहाँको बैकिङ्ग कार्यालय स्थित यस बैंकको खाता नं. .......... मा जम्मा हुने गरी उपलब्ध गराई दिनु हुंन अनुरोध गर्दछौं । साथै, उपरोक्त अवधिमा सम्बन्धित ऋणहरूबाट ब्याज वापत रकम रू .............(अक्षेरेपी रू......................) असुल उपर भइसकेको व्यहोरा समेत अनुरोध छ । साथै, उपर्युक्त कृषि तथा पशुपन्छी कर्जाहरू सदुपयोग भएको व्यहोरा समेत अनुरोध छ ।

..................... बैंक/वित्तीय संस्था को तर्फबाट

दस्तखतः
नाम :
पद :
छाप :
विभाग/कार्यालय :

नोटः बैंकले १० प्रतिशत ब्याजदरमा कृषकलाई ऋण लगानी गरेको अवस्थामा ५ प्रतिशत ब्याज कृषकबाट लिएपश्चात् ५ प्रतिशत ब्याज अनुदानको रूपमा नेपाल राष्ट्र बैंकसँग दाबी गर्ने । त्यसैगरी बैंकले ९ प्रतिशत ब्याजदरमा कृषकलाई ऋण लगानी गरेको अवस्थामा ४ प्रतिशत ब्याज कृषकबाट लिएपश्चात् ५ प्रतिशत ब्याज अनुदानको रूपमा नेपाल राष्ट्र बैंकसँग दाबी गर्ने ।

अनुसूची - ४

(दफा ७ को खण्ड "ग" सँग सम्बन्धित)

मितिः २०७.. / .. / ..

श्रीमान् कार्यकारी निर्देशकज्यू,

नेपाल राष्ट्र बैंक,

बैंक तथा वित्तीय संस्था नियमन विभाग,

काठमाडौं ।

विषय : ब्याजमा अनुदान प्रदान गरिएका कृषि तथा पशुपन्छी कर्जाको ....... त्रैमासको विवरण ।

महोदय,

व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०७३ ले गरेको व्यवस्थाअनुसार यस संस्थाले विभिन्न शीर्षकमा प्रवाह भएको कर्जाको त्रैमासिक विवरण देहायबमोजिम रहेको छ ।

**शोधभर्ना पाउनुपर्ने कर्जाको .......... त्रैमासको विवरण**

| क्र.सं. | ऋणीको नाम | कर्जा शीर्षक | कर्जा प्रवाह मिति | कर्जा प्रवाह मिति | कर्जा बक्यौता (रू) | कर्जा भुक्तानी मिति | यस अवधिमा ऋणीबाट असुल हुनुपर्ने ब्याज रकम (रू) | ब्याज अनुदान रकम (रू) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

शोधभर्ना पाउनुपर्ने जम्मा रकम रू................. अक्षेरुपी रू................

.................... बैंकको तर्फबाट

दस्तखतः

नाम :

पद :

छाप :

विभाग/कार्यालय :

अनुसूची - ५

(दफा ७ को खण्ड "ग" सँग सम्बन्धित)

मितिः २०७.. / .. / ..

श्रीमान् कार्यकारी निर्देशकज्यू,

नेपाल राष्ट्र बैंक,

बैंक तथा वित्तीय संस्था नियमन विभाग,

काठमाडौं ।

विषय : ब्याजमा अनुदान अन्तर्गत प्रवाह भई नियमित नभएका कर्जाको .........त्रैमासिक विवरण ।

महोदय,

व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०७३ ले गरेको व्यवस्थाअनुसार यस संस्थाले विभिन्न शीर्षकमा प्रवाह भई नियमित नभएका कर्जाको त्रैमासिक विवरण देहायबमोजिम रहेको छ ।

**नियमित नभएका कर्जाको .......... त्रैमासको विवरण**

| क्र.सं. | ऋणीको नाम | कर्जा शीर्षक | कर्जा प्रवाह मिति | कर्जा साँवा बक्यौता (रू) | कर्जा भुक्तानी मिति | यस अवधिमा ऋणीबाट असुल हुनुपर्ने ब्याज रकम (रू) | ब्याज अनुदानको अनुमानित रकम (रू) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |

असुल हुन बाँकी जम्मा साँवा ब्याज रकम रू................. अक्षेरेपी रू.................

.................... बैंकको तर्फबाट

दस्तखतः

नाम :

पद :

छाप :

विभाग/कार्यालय :

अनुसूची - ६

(दफा ७ को खण्ड "ग" सँग सम्बन्धित)

मिति : २०७.../..../....

श्रीमान् कार्यकारी निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
काठमाडौं ।

बिषय : ब्याज अनुदान अन्तर्गत प्रवाह भएका कर्जाको क्षेत्रगत त्रैमासिक विवरण ।

महोदय,

व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०७३ मा भएको व्यवस्थाबमोजिम यस संस्थाले प्रवाह गरेका कर्जाहरूको क्षेत्रगत त्रैमासिक विवरण देहायबमोजिम रहेको छ ।

**क्षेत्रगत कर्जाको ...........त्रैमासिक विवरण**

| क.सं. | विकास क्षेत्र | जिल्ला | हालसम्म प्रवाहित कर्जा (रू) | हालको साँवा बक्यौता (रू) | हालसम्म प्रदान गरिएको कूल ब्याज अनुदान रकम (रू) | यस त्रैमासमा प्रदान गरिने ब्याज अनुदान रकम (रू) |
|---|---|---|---|---|---|---|
| १. | पूर्वाञ्चल | | | | | |
| २. | पूर्वाञ्चल | | | | | |
| ... | पूर्वाञ्चल | | | | | |
| जम्मा | | | | | | |
| १. | मध्यमाञ्चल | | | | | |
| २. | मध्यमाञ्चल | | | | | |
| ... | मध्यमाञ्चल | | | | | |
| जम्मा | | | | | | |
| ... | | | | | | |
| ... | | | | | | |
| कुल | | | | | | |

भवदीय,

दस्तखत :
नाम :
पद :
विभाग/कार्यालय :
बैंकको छाप :